लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, अर्घाखाँची

# वार्षिक खरिद योजना

आर्थिक वर्ष २०८२/०८३

CS CamScanner

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, अर्घाखाँची
२०७५

विषय सूची


| सिनं | विषयसुची | पेज नं |
|---|---|---|
| १ | प्रस्तावना | २ |
| २ | कार्यालयको पृष्ठभूमि | २ |
| ३ | कार्यालयको कार्यक्षेत्र | ३ |
| ४ | कार्यालयबाट हुने खरिदका प्रकृति | ४ |
| ५ | वार्षिक खरिद योजना तयार गर्ने आधार | ६ |
| ६ | बजेट उपशीर्षक अनुसार वार्षिक खरिद योजना | ७ |
| ७ | खरिद इकाइको निर्णय | १७ |




CamScanner

## १.प्रस्तावना

सार्वजनिक निकायबाट हुने खरिद कार्यलाई पारदर्शी, प्रतिस्पर्धात्मक, मितव्ययी, गुणस्तरीय तथा समयबद्ध बनाउन वार्षिक खरिद योजना तयार गर्नु आवश्यक हुन्छ। सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को व्यवस्था बमोजिम स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटलाई आधार मानी डिभिजन वन कार्यालयको आर्थिक वर्ष २०८२।२०८३मा सञ्चालन हुने मालसामान, निर्माण कार्य, परामर्श सेवा तथा अन्य सेवासम्बन्धी खरिद कार्यहरूको प्रभावकारी व्यवस्थापन, समयमै कार्यान्वयन, वित्तीय अनुशासन कायम तथा स्रोतसाधनको — अधिकतम उपयोग सुनिश्चित गर्ने उद्देश्यले यो वार्षिक खरिद योजना तयार गरिएको हो। यस योजनाले खरिद प्रक्रियालाई व्यवस्थित, उत्तरदायी र नतिजामुखी बनाउन सहयोग पुऱ्याउनुका साथै कार्यालयको वार्षिक कार्यक्रमहरू निर्धारित समयभित्र प्रभावकारी रूपमा सम्पन्न गर्न मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।

## २.कार्यालयको पृष्ठभूमि

नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय अन्तर्गत प्रदेश सरकारमार्फत सञ्चालन हुने डिभिजन वन कार्यालय वन, जैविक विविधता, वन्यजन्तु, जलाधार तथा प्राकृतिक स्रोतहरूको संरक्षण, व्यवस्थापन र दिगो उपयोग सुनिश्चित गर्ने प्रमुख कार्यान्वयन निकाय हो। संघीय शासन प्रणाली लागू भएपछि प्रदेश सरकारलाई हस्तान्तरण भएका वन क्षेत्रसँग सम्बन्धित कार्यक्रम तथा सेवाहरू प्रभावकारी रूपमा सञ्चालन गर्न डिभिजन वन कार्यालयहरूको स्थापना गरिएको हो।

डिभिजन वन कार्यालय स्थापना गर्नुको मुख्य उद्देश्य वन स्रोतको वैज्ञानिक व्यवस्थापन, वन क्षेत्रको संरक्षण, वन डढेलो तथा अतिक्रमण नियन्त्रण, वन अपराध न्यूनीकरण, जैविक विविधता र वन्यजन्तु संरक्षण, सामुदायिक, कबुलियती, धार्मिक तथा निजी वनको प्रवर्द्धन, वनमा आधारित उद्यम तथा जीविकोपार्जनको विकास, वनजन्य उत्पादनको दिगो उपयोग तथा वनसम्बन्धी नीति, योजना र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्नु हो। साथै स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह, निजी क्षेत्र तथा अन्य सरोकारवालाहरूसँग समन्वय गरी वन क्षेत्रको सुशासन, वातावरणीय सन्तुलन, जलवायु परिवर्तन अनुकूलन तथा प्राकृतिक स्रोतहरूको दीगो व्यवस्थापनमा योगदान पुऱ्याउनु पनि कार्यालयको प्रमुख आवश्यकता र जिम्मेवारीका रूपमा रहेको छ।

३.कार्यालयको कार्यक्षेत्र

डिभिजन वन कार्यालय अर्घाखाँचीको कार्यक्षेत्र सम्पूर्ण अर्घाखाँची जिल्लाभित्र फैलिएको रहेको छ। कार्यालयले जिल्लाका राष्ट्रिय वन, सामुदायिक वन, कबुलियती वन, धार्मिक वन, निजी वन तथा अन्य वन व्यवस्थापन प्रणाली अन्तर्गतका वन क्षेत्रहरूको संरक्षण, संवर्द्धन, व्यवस्थापन तथा दिगो उपयोगसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसका साथै वन डढेलो व्यवस्थापन, वन अपराध नियन्त्रण, जैविक विविधता तथा वन्यजन्तु संरक्षण, वन पैदावार व्यवस्थापन, वृक्षरोपण, भू– संरक्षण, जलाधार व्यवस्थापन, वनमा आधारित उद्यम प्रवर्द्धन तथा समुदायमा आधारित वन व्यवस्थापनसम्बन्धी कार्यहरू समेत कार्यालयको कार्यक्षेत्रभित्र पर्दछन्।

सेवा प्रवाहलाई प्रभावकारी, पहुँचयोग्य र व्यवस्थित बनांउन डिभिजन वन कार्यालय अन्तर्गत निम्न छ वटा सब-डिभिजन वन कार्यालयहरू सञ्चालनमा रहेका छन्–

१. सबडिभिजन वन कार्यालय-, शितगंगा
२. सबडिभिजन वन कार्यालय-, बाणगंगा
३. सब डिभिजन-वन कार्यालय, पाणिनी
४. सबडिभिजन वन कार्यालय-, सन्धिखर्क
५. सबडिभिजन वन कार्यालय-, भूमिकास्थान
६. सबडिभिजन वन कार्यालय-, मालारानीछत्रदेव—

उक्त सब-डिभिजन वन कार्यालयहरूमार्फत जिल्लाका सबै स्थानीय तह तथा वन क्षेत्रहरूमा वन संरक्षण, व्यवस्थापन, विकास तथा सेवा प्रवाहसम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन तथा समन्वय गरिँदै आएको छ। यस संरचनाले वनसम्बन्धी सेवा नागरिकको नजिक पुऱ्याउन, सामुदायिक वन उपभोक्ता समूह तथा अन्य सरोकारवालासँग समन्वय बढाउन र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

४ . कार्यालयबाट हुने खरिदका प्रकृति

डिभिजन वन कार्यालयबाट सञ्चालन हुने कार्यक्रम तथा नियमित प्रशासनिक कार्यसम्पादनका लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम विभिन्न

प्रकृतिका खरिद कार्यहरू गरिन्छन्। कार्यालयको आवश्यकता, स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटका आधारमा देहायबमोजिमका खरिद कार्यहरू सम्पन्न गरिनेछन्।

मालसामान खरिद

कार्यालय सञ्चालन तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्टेशनरी, कम्प्युटर तथा सूचना प्रविधि सामग्री, फर्निचर, वन व्यवस्थापन तथा वन डढेलो नियन्त्रणमा प्रयोग हुने उपकरण, सुरक्षा सामग्री, सवारी साधनका स्पेयर पार्ट्स, कार्यालय प्रयोजनका मेसिन तथा अन्य उपभोग्य एवं टिकाउ मालसामान खरिद गरिनेछ।

सेवा परामर्श खरिद

कार्यालयलाई आवश्यक पर्ने अध्ययन, अनुसन्धान, विस्तृत परियोजना प्रतिवेदन (DPR), वातावरणीय अध्ययन, प्राविधिक परीक्षण, डिजाइन, लागत अनुमान, क्षमता विकास, तालिम सञ्चालन, विशेषज्ञ सेवा तथा अन्य प्राविधिक परामर्श आवश्यकताअनुसार प्रतिस्पर्धात्मक प्रक्रियामार्फत खरिद गरिनेछ।

गैर – परामर्श सेवा खरिद

कार्यालय सञ्चालन तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक छपाइ, प्रकाशन, ढुवानी, सरसफाइ, सुरक्षा सेवा, कार्यक्रम व्यवस्थापन, सवारी भाडा, उपकरण भाडा, सञ्चार सेवा, बीमा तथा अन्य गैर– परामर्श सेवाहरू प्रचलित कानुनबमोजिम खरिद गरिनेछ।

निर्माण कार्य

वन संरक्षण तथा व्यवस्थापनसम्बन्धी पूर्वाधार निर्माण, भवन मर्मत तथा निर्माण, वन सडक, पदमार्ग, तटबन्ध, रिचार्ज पोखरी, तारबार, वन संरचना, कार्यालय भवन तथा अन्य भौतिक पूर्वाधार निर्माण कार्य सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानुनबमोजिम सम्पन्न गरिनेछ।

सवारी तथा उपकरण मर्मत

कार्यालयमा रहेका सवारी साधन, मोटरसाइकल, कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, GPS, ड्रोन, वन डढेलो नियन्त्रण उपकरण तथा अन्य कार्यालयीय उपकरणहरूको नियमित मर्मत, सम्भार तथा आवश्यक स्पेयर पार्ट्स खरिद गरी सेवा निरन्तरता सुनिश्चित गरिनेछ।

सूचना प्रविधि सम्बन्धी खरिद

कार्यालयको डिजिटल सेवा प्रवाह तथा सूचना व्यवस्थापनलाई प्रभावकारी बनाउन कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर, नेटवर्किङ उपकरण, सफ्टवेयर, वेबसाइट व्यवस्थापन, इन्टरनेट सेवा,

डाटा सञ्चयन उपकरण तथा अन्य सूचना प्रविधिसम्बन्धी सामग्री र सेवाहरू आवश्यकताअनुसार खरिद गरिनेछ।

## ५. वार्षिक खरिद योजना तयार गर्ने आधार

डिभिजन वन कार्यालयको वार्षिक खरिद योजना प्रचलित कानुनी व्यवस्था, स्वीकृत कार्यक्रम तथा उपलब्ध स्रोत–साधनलाई आधार मानी तयार गरिएको हो। खरिद योजनाको उद्देश्य कार्यालयबाट हुने सम्पूर्ण खरिद कार्यलाई व्यवस्थित, पारदर्शी, प्रतिस्पर्धात्मक, मितव्ययी तथा समयबद्ध रूपमा सञ्चालन गर्नु हो। यस योजना तयार गर्दा विशेष रूपमा निम्न आधारहरूलाई अवलम्बन गरिएको छ:

### स्वीकृंत वार्षिक कार्यक्रम

आर्थिक वर्ष २०८३/०८४ का लागि स्वीकृत वार्षिक कार्यक्रम तथा क्रियाकलापहरू खरिद योजनाको प्रमुख आधारका रूपमा रहेका छन्। कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मालसामान, सेवा, परामर्श तथा निर्माण कार्यको आवश्यकता पहिचान गरी सोहीअनुसार खरिद योजना तयार गरिएको छ।

### स्वीकृत बजेट

नेपाल सरकार तथा प्रदेश सरकारबाट स्वीकृत बजेट तथा विभिन्न बजेट उपशीर्षकमा विनियोजित रकमलाई आधार मानी खरिद कार्यहरूको प्राथमिकता, लागत अनुमान, समयसीमा तथा खरिद विधि निर्धारण गरिएको छ।

### सार्वजनिक खरिद ऐन तथा सार्वजानिक खरिद नियमावली

सार्वजनिक खरिद ऐन, २०६३ मा व्यवस्था गरिएका पारदर्शिता, प्रतिस्पर्धा, समान अवसर, उत्तरदायित्व, मितव्ययिता तथा प्रभावकारिताका सिद्धान्तलाई अनुसरण गरी वार्षिक खरिद योजना तयार गरिएको छ। ऐनमा निर्दिष्ट खरिद प्रक्रिया, योग्यता, सम्झौता तथा अनुगमनसम्बन्धी व्यवस्थाहरू यस योजनाको आधार रहेका छन्। सार्वजनिक खरिद नियमावली, २०६४, विशेषगरी नियम ७ बमोजिम प्रत्येक सार्वजनिक निकायले वार्षिक खरिद योजना तयार गरी स्वीकृत गर्ने व्यवस्थालाई आधार मानी यो योजना तयार गरिएको हो। नियमावलीमा उल्लेखित खरिद विधि, लागत अनुमान, खरिद कार्यतालिका, बोलपत्र प्रक्रिया तथा अन्य व्यवस्थाहरूलाई समेत यस योजनामा समावेश गरिएको छ।



CamScanner

६.बजेट उपशीर्षक अनुसार खरिद योजना

वन निर्देशनालय
डिभिजन वन कार्यालय, अर्घाखाँची

# खरिद योजना

कार्यक्रमको नामः-वन वन्यजन्तु जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम

| सिन | खरिदको विवरण/निर्माण कार्य/परामर्श सेवा/अन्य सेवा | प्याकेज संख्या | लागत अनुमान लाखमा | खरिद विधि | सम्झौता विधि | सम्भाव्यता अध्ययन तथा डिजाइन मिति | लागत अनुमान स्विकृत मिति | बोलपत्र कागजात तयार गर्ने मिति | सुचना गर्ने मिति | दाखिला तथा खोल्ने मिति | सम्झौता मिति | कार्यसम्पन्न मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चक्ला वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन | १ | २५ | ठेक्का | दुइ पक्षिय | २०८२।०५।३० | २०८२।०६।३० | २०८२।८।१५ | २०८२।९।१५ | २०८२।१०।१५ | २०८२।१०।३० | २०८३।०१।३० | |
| २ | चक्ला वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन | १ | १० | परामर्श तथा अमानत | दुइ पक्षिय | २०८२।०६।३० | २०८२।०७।३० | २०८२।९।१५ | २०८२।१०।१५ | २०८२।१०।२५ | २०८२।११।३० | २०८३।०१।१५ | |
| ३ | सामुदायिक वनमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना तयारी,संशोधन तथा कार्यान्वयन | १ | १५ | परामर्श तथा अमानत | दुइ पक्षिय | २०८२।०७।३० | २०८२।०८।३० | - | - | - | २०८२।१२।३० | २०८३।०२।३० | |
| ४ | डढेलो नियन्त्रण सम्बन्धी स्कुल शिक्षा कार्यक्रम (जोखिम क्षेत्र केन्द्रित) | १ | १.५ | गैरसरकारी संस्था | दुइ पक्षिय | २०८२।१०।३० | २०८२।१०।३० | - | - | - | २०८३।०१।१५ | २०८३।०२।३० | |
| ५ | वन भित्रका पत्कर व्यवस्थापनबाट प्राङ्गारिक मल उत्पादन उद्यम सञ्चालनमा सहयोग (जोखिम क्षेत्र केन्द्रीत नमुना अभ्यास) | १ | ७ | कोटेशन बिधि | त्रिपक्षिय | २०८२।१०।३० | २०८२।१०।३० | - | - | - | २०८२।१२।३० | २०८३।०२।३० | |
| ६ | डढेलो नियन्त्रणका लागि ट्याक्टर सहितका मिनी प्रेसर ट्यांक खरिद | १ | २८ | क्याटलग बिधि | दुइ पक्षिय | २०८२।९।३० | २०८२।९।३० | २०८२।१०।१५ | २०८२।१०।१५ | २०८२।११।१५ | २०८२।११।१५ | २०८३।०२।३० | |
| ७ | सल्लाको वन क्षेत्रमा डढेलो नियन्त्रण तथा पुन: भरणका लागि रिचार्ज पोखरीहरु निर्माण | १ | १८ | समिति मार्फत | दुइ पक्षिय | २०८२।९।३० | २०८२।९।३० | - | - | - | २०८२।१०।२५ | २०८३।०२।३० | |
| ८ | वन डढेलो नियन्त्रण अन्तर्गत सामाग्रि खरिद | १ | २ | सोझै खरिद | दुइ पक्षिय | २०८२।९।३० | २०८२।९।३० | - | - | - | २०८२।१०।२५ | २०८३।०२।३० | |
| ९ | वार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन | १ | १ | सोझै खरिद | दुइ पक्षिय | २०८२।९।३० | २०८२।९।३० | - | - | - | २०८२।१०।२५ | २०८३।०२।३० | |
| १० | मानव वन्यजन्तु द्वन्द न्यूनीकरण | १ | ५ | कोटेशन बिधि | दुइ पक्षिय | २०८२।९।३० | २०८२।९।३० | - | - | - | २०८२।१०।२५ | २०८३।०२।३० | |
| १३ | वन अपराध नियन्त्रण अन्तर्गत गस्ती परिचालन | १ | ३ | कोटेशन बिधि | दुइ पक्षिय | २०८२।९।३० | २०८२।९।३० | - | - | - | २०८२।१०।२५ | २०८३।०२।३० | |
| १५ | मिचाहा प्रजाति नियन्त्रण तथा व्यवस्थापन | १ | २ | अमानत | कार्यदेश | २०८२।९।३० | २०८२।९।३० | - | - | - | २०८२।१०।२५ | २०८३।०२।३० | |
| १६ | गिद्ध संरक्षण कार्यक्रम | १ | ४ | कोटेशन बिधि | दुइ पक्षिय | २०८२।९।३० | २०८२।९।३० | - | - | - | २०८२।१०।२५ | २०८३।०२।३० | |
| १७ | शितगंगा जडिबुटी उद्यान निर्माण तथा व्यवस्थापन, अर्घाखाँची | १ | ८ | कोटेशन बिधि | दुइ पक्षिय | २०८२।९।३० | २०८२।९।३० | - | - | - | २०८२।१०।२५ | २०८३।०२।३० | |

नारायणदेव भट्टराई
सिनियर डिभिजनल वन अधिकृत

# खरिद योजना

## कार्यक्रमको नाम:-गैहकाठ तथा जडिबुटी बिकास कार्यक्रम

| सिन | खरिदको विवरण/सरसामान/निर्माण कार्य/परामर्श सेवा/अन्य सेवा | प्याकेज संख्या | लागत अनुमान लाखमा | खरिद विधि | सम्झौता विधि | सम्भाव्यता अध्ययन तथा डिजाइन मिति | लागत अनुमान स्विकृत मिति | बोलपत्र कागजात तयार गर्ने मिति | सुचना गर्न मिति | दाखिला तथा खोल्ने मिति | सम्झौता मिति | कार्य सम्पन्न मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | तेजपात खेति विकास तथा प्रवर्द्धन कार्यक्रम | १ | ८ | अमानत | कार्यदेश | २०८२।६।३० | २०८२।७।३० | - | - | - | २०८२।१०।३० | २०८३।०३।१० | |
| २ | टिमुर खेति विकास तथा प्रवर्द्धन कार्यक्रम | १ | १० | कोटेशन | दुइपक्षिय | २०८२।६।३० | २०८२।७।३० | - | - | - | २०८२।१०।३० | २०८३।०३।१० | |
| ३ | जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको खेति विस्तार, संकलन सम्बन्धि तालिम | १ | १.५ | अमानत | कार्यदेश | २०८२।९।३० | २०८२।१०।३० | - | - | - | २०८२।११।१५ | २०८३।०१।३० | |
| ४ | जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको प्रशोधन तथा बजारीकरण सम्बन्धि तालिम | १ | १ | अमानत | कार्यदेश | २०८२।१०।३० | २०८२।११।१५ | - | - | - | २०८२।११।३० | २०८३।०१।३० | |

नारायणदेव भट्टराई
सिनियर डिभिजनल वन अधिकृत

# खरिद योजना

कार्यक्रमको नाम:-खोलाखोल्सी व्यवस्थापन कार्यक्रम

| सि न | खरिदको विवरण/सरसामान/निर्माण कार्य/परामर्श सेवा/अन्य सेवा | प्याकेज संख्या | लागत अनुमान लाखमा | खरिद बिधि | सम्झौता बिधि | सम्भाव्यता अध्ययन तथा डिजाइन मिति | लागत अनुमान स्विकृत मिति | बोलपत्र कागजात तयार गर्ने मिति | सुचना गर्न मिति | दाखिला तथा खोल्ने मिति | सम्झौता मिति | कार्य सम्पन्न मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वन क्षेत्र भित्रका खोला/ खोल्सी व्यवस्थापन तथा नदीजन्य पदार्थ संकलनका लागि ७ वटा खोलाको वातावरणीय अध्ययन | १ | ९.६ | परामर्श सेवा | दुइपक्षिय | २०८२।०९।३० | २०८२।१०।३० | २०८२।११।१५ | - | २०८२।११।३० | २०८२।१२।२० | २०८३।०२।३० | |

नारायणदेव भट्टराई
सिनियर डिभिजनल वन अधिकृत

# खरिद योजना

## कार्यक्रमको नाम:-वातावरण संरक्षण तथा व्यवस्थापन कार्यक्रम

| सि नं | खरिदको विवरण/सरसामान/निर्माण कार्य/परामर्श सेवा/अन्य सेवा | प्याकेज संख्या | लागत अनुमान लाखमा | खरिद बिधि | सम्झौता बिधि | सम्भाव्यता अध्ययन तथा डिजाइन मिति | लागत अनुमान स्विकृत मिति | बोलपत्र कागजात तयार गर्ने मिति | सुचना गर्न मिति | दाखिला तथा खोल्ने मिति | सम्झौता मिति | कार्य सम्पन्न मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्वच्छ वातावरण एवम् कार्यालय परिसर सौन्दर्यीकरण (कार्यालय) | १ | २ | अमानत | कायदिश | २०८२।०७।३० | २०८२।०८।१५ | - | - | - | - | २०८३।०१।३० | |
| २ | वर पिपल शमी तथा लाकुरी रोपण तथा चौतरा व्यवस्थापन | १ | ३ | समिति मार्फत | दुइ पक्षिय | २०८२।०७।३० | २०८२।०८।१५ | - | - | - | - | २०८३।०१।३० | |
| ३ | सार्वजनिक स्थल गाउँ/नगर सरसफाइ कार्यक्रम (प्लाष्टिक नियन्त्रण समेत) | १ | २ | अमानत | कायदिश | २०८२।०७।३० | २०८२।०८।१५ | - | - | - | - | २०८३।०१।३० | |
| ४ | फोहोर व्यवस्थापन कार्यक्रम (Reduce Reuse Recycle समेत) | १ | २ | अमानत | कायदिश | २०८२।०७।३० | २०८२।०८।१५ | - | - | - | - | २०८३।०१।३० | |
| ५ | स्कुल वन बगैचा कार्यक्रम | १ | ३ | समिति मार्फत | दुइ पक्षिय | २०८२।०७।३० | २०८२।०८।१५ | - | - | - | - | २०८३।०३।१५ | |

प्रदेश सरकार लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्रालय वन निर्देशनालय डिभिजन वन कार्यालय कपिलवस्तु २०७४

नारायण भट्टराई
डिभिजनल वन अधिकृत

# खरिद योजना

## कार्यक्रमको नाम:-बृहत्तर हरियाली तथा बृक्षारोपण कार्यक्रम

| सिनं | खरिदको विवरण/सरसामान/निर्माण कार्य/परामर्श सेवा/अन्य सेवा | प्याकेज संख्या | लागत अनुमान लाखमा | खरिद बिधि | सम्झौता बिधि | सम्भाव्यता अध्ययन तथा डिजाइन मिति | लागत अनुमान स्विकृत मिति | बोलपत्र कागजातं तयार गर्ने मिति | सुचना गर्न मिति | दाखिला तथा खोल्ने मिति | सम्झौता मिति | कार्य सम्पन्न मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नदि उकास तथा सार्वजनिक जग्गामा बिरुवा रोपण(बृक्षारोपण योजना तयारी र कार्यान्वयन (वृहत्तर चक्ला बृक्षारोपण समेत)) | १ | ३.५ | अमानत | कायदिश | २०८२।११।३० | २०८२।१२।१५ | - | - | - | - | २०८३।०३।१५ | |
| २ | बृक्षारोपण योजना तयारी र कार्यान्वयन (वृहत्तर चक्ला बृक्षारोपण समेत)(बृक्षारोपण योजना तयारी र कार्यान्वयन (वृहत्तर चक्ला बृक्षारोपण समेत)) | १ | ०.३५ | बिज्ञ सेवा मार्फत | दुइ पक्षिय | २०८२।११।३० | २०८२।१२।१५ | - | - | - | - | २०८३।०३।०१ | |
| ३ | नर्सरी मर्मत/स्तरोन्नति | १ | १ | अमानत | कायदिश | २०८२।०७।३० | २०८२।०८।१५ | - | - | - | - | २०८२।१०।३० | |
| ४ | गत वर्षको बिरुवा स्याहार सम्भार (वहुवर्षीयको रुपमा अल्या भइ आएको) | १ | २.१९ | अमानत | कायदिश | २०८२।०७।३० | २०८२।०८।१५ | - | - | - | - | २०८३।०३।१० | |
| ५ | आगामी वर्षका लागि बिरुवा उत्पादन (वहुवर्षीय) | १ | ६.२५ | अमानत | कायदिश | २०८२।०७।३० | २०८२।०८।१५ | - | - | - | - | २०८३।०३।१० | |
| ६ | चालु आ.व.को लागि बिरुवा उत्पादन (एकवर्षीय) | १ | ६ | अमानत | कायदिश | २०८२।०७।३० | २०८२।०८।१५ | - | - | - | - | २०८३।०३।१० | |
| ७ | घुम्ति बिरुवा वितरण र रोपण सहजीकरण विशेष अभियान | १ | १४० | कोटेशन | दुइ पक्षिय | २०८३।०१।१० | २०८३।०१।३० | - | - | - | - | २०८३।०३।१० | १.४० |
| ८ | कृषि वन प्रबर्धन कार्यक्रम | १ | ५ | कोटेशन | दुइ पक्षिय | २०८३।०१।१० | २०८३।०१।३० | - | - | - | - | २०८३।०३।१० | |

नारायणदत्त भट्टराई
सिनियर डिभिजनल वन अधिकृत

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, अर्घाखाँची
२०७४

# खरिद योजना

## कार्यक्रमको नाम:-समृद्धिका लागि वन कार्यक्रम

| क्र.स. | मालसामानको विवरण/कारोबार/निर्माण कार्य/परामर्श सेवा/अन्य सेवा | प्याकेज संख्या | लागत अनुमान लाखमा | खरिद विधि | सम्झौता विधि | सम्भाव्यता अध्ययन तथा डिजाइन मिति | लागत अनुमान स्विकृत मिति | बोलपत्र कागजात तयार गर्ने मिति | सूचना गर्ने मिति | दर्खास्त तथा खोल्ने मिति | सम्झौता मिति | कार्य सम्पन्न मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सूचना प्रविधि उपकरण | १ | ४ | कोटेशन विधि | दुइपक्षिय | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | २०८२।११।२० | २०८३।०१।३० | |
| २ | आगलागि नियन्त्रणका लागि एअर ब्लोअर उपकरण खरिद | १ | ५ | कोटेशन विधि | दुइपक्षिय | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | २०८२।११।२० | २०८३।०१।३० | |
| ३ | वन संरक्षण व्यवस्थापन र अनुगमनका लागि ड्रोन तथा सम्बन्धित अन्य उपकरण खरिद संचालन | १ | १० | कोटेशन विधि | दुइपक्षिय | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | २०८३।०१।३० | २०८३।०१।३० | |
| ४ | नर्सरी मर्मत सम्भार तथा स्तरोन्नति(सबै डीभिजनल वन कार्यालय) | १ | ५ | अमानत | कायदिश | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | - | २०८२।११।३० | |
| ५ | एक वर्षे बिरुवा उत्पादन चालु आवको का लागि (सबै डीभिजनल वन कार्यालय) | १ | ९ | अमानत | कायदिश | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | - | २०८३।०३।१५ | |
| ६ | बहु वर्षे वन बिरुवा उत्पादन प्रति हजार | १ | १२.५ | अमानत | कायदिश | ३०८२।७।३० | २०८२।०९।३० | - | - | - | - | २०८३।०३।१५ | |
| ७ | सुधारिएको वन पैदावार घाटगद्दी डिपो निर्माण | १ | १० | कोटेशन विधि | दुइपक्षिय | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | २०८२।१२।१५ | २०८३।०२।१५ | |
| ८ | कार्यलय सञ्चालन खर्च (सबै डीभिजन वन कार्यालय) | १ | ३ | सोझै खरिद | कायदिश | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | - | २०८३।०३।१५ | |
| ९ | कार्यालयका भौतिक पूर्वाधार विकास तथा मर्मत कार्यकम | १ | १० | कोटेशन विधि | दुइपक्षिय | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | २०८२।१०।१५ | २०८३।०२।१५ | |
| १० | वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन सम्बन्धि सिकाई आदान प्रदान अवलोकन भ्रमण | १ | ३ | अमानत | कायदिश | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | - | २०८२।१२।२५ | |
| ११ | समुदायमा आधारित वनका पदाधिकारीहरुलाई क्षमता अभिवृद्धि सम्बन्धी तालीम गोष्ठी अन्तर्क्रिया कोचिङ तथा छुलफल क्लष्टर स्तरमा | १ | ३ | अमानत | कायदिश | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | - | २०८२।१२।२५ | |
| १२ | वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन सम्बन्धि वन प्राविधिकहरुलाई तालिम/ गोष्ठी (सबै डीभिजन वन कार्यालय) | १ | ३ | अमानत | कायदिश | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | - | २०८२।१२।२५ | |
| १३ | वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन सम्बन्धि उपभोक्ता समुहहरुलाई तालिम (सबै डीभिजन वन कार्यालय) | १ | २ | अमानत | कायदिश | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | - | २०८२।१२।२५ | |
| १४ | कर्मचारीहरुको टिम बिल्डिङ (सबै डीभिजन वन कार्यालय) | १ | ३ | अमानत | कायदिश | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | - | २०८२।१२।२५ | |
| १५ | सब डिभिजन स्तरमा उपभोक्ता समुहहरुको लागि सुशासन अभिलेख तथा लेखा व्यवस्थापन तालीम | १ | ६ | अमानत | कायदिश | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | - | २०८२।१२।२५ | |
| १६ | डिभिजन वन कार्यालय, सब डिभिजन वन कार्यालय, स्थानीय तह र अन्य सरोकारवाला बिच अन्तर्क्रिया / समन्वय बैठक | १ | ६ | अमानत | कायदिश | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | - | २०८३।०१।३० | |

तारादत्त
सिनियर डिभिजनल वन अधिकृत

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | [illegible] / कृषि वन सम्बन्धी [illegible] (सबै डिभिजन वन कार्यालय) | १ | १ | अमानत | कार्यादेश | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | - | २०८३।०२।१० | |
| १८ | [illegible] (सबै डिभिजन वन कार्यालय) | १ | ३ | अमानत | कार्यादेश | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | - | २०८३।०२।३० | |
| १९ | मधेश प्रदेश र जिल्ला स्तरका लागि तथ्याङ्क व्यवस्थापन | १ | २ | कोटेशन विधि | दुइपक्षिय | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | २०८३।०१।२० | २०८३।०३।१० | |
| २० | [illegible] दिगो वन व्यवस्थापन कार्ययोजना नविकरण तथा परिमार्जनमा तथा हस्तान्तरण सहयोग सबै डिभिजन वन कार्यालय | १ | ३६ | अमानत तथा परामर्श सेवा | दुइपक्षिय | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | २०८२।१०।३० | २०८३।०३।१५ | |
| २१ | [illegible] आदि व्यवस्थापन (सबै डिभिजन वन कार्यालय) | १ | ८ | समिति मार्फत | दुइपक्षिय | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | २०८२।१०।३० | २०८३।०१।३० | |
| २२ | वन्य जन्तुको उद्धार र व्यवस्थापन (सबै डिभिजन वन कार्यालय) | १ | २ | समिति मार्फत | दुइपक्षिय | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | २०८२।१०।३० | २०८३।०३।१० | |
| २३ | उत्सर्जन न्यूनिकरणका लागि वन डढेलो व्यवस्थापन कार्यक्रम तर्फ सामाग्री खरिद समेत | १ | २० | अमानत तथा कोटेशन | दुइपक्षिय | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | २०८२।१०।२० | २०८३।०३।१५ | |
| २४ | सामुदायिक वन / सार्वजनिक जग्गामा वृक्षारोपण | १ | ७.५ | अमानत | कार्यादेश | २०८२।११।३० | २०८३।०१।३० | - | - | - | - | २०८३।०३।१५ | |
| २५ | सामुदायिक वनको कार्ययोजना कार्यान्वयन अनुदानमा आधारित वन व्यवस्थापन अनुदान कार्यक्रम | १ | ४० | कोटेशन विधि/समिति | दुइपक्षिय | २०८२।७।३० | २०८२।०९।३० | - | - | - | २०८२।१२।३० | २०८३।०३।१५ | |

नारायणदत्त भट्टराई
डिभिजनल वन अधिकृत

मधेश सरकार
उद्योग, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, अर्घाखाँची
२०७५

नारायणदेव भट्टराई
निमित्त डिभिजनल वन अधिकृत

## खरिद योजना

कार्यक्रमको नामः-जडिबुटी बिकास कार्यक्रम संघिय शसर्त

| सि. नं | खरिदको विवरण/सरसामान/निर्माण कार्य/परामर्श सेवा/अन्य सेवा | प्याकेज संख्या | लागत अनुमान लाखमा | खरिद बिधि | सम्झौता बिधि | सम्भाव्यता अध्ययन तथा डिजाइन मिति | लागत अनुमान स्विकृत मिति | बोलपत्र कागजात तयार गर्ने मिति | सुचना गर्न मिति | दाखिला तथा खोल्ने मिति | सम्झौता मिति | कार्य सम्पन्न मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राकृतिक जडिबुटि संरक्षण तथा खेती विस्तार (सबै जिल्ला तथा छनौट भएका पालिकाहरु – निजी जग्गामा समेत) | १ | ४ | समिति मार्फत | दुइपक्षिय | २०८२।१२।३० | २०८३।०१।३० | - | - | - | २०८३।०२।१५ | २०८३।०३।१५ | |
| २ | पकेट क्षेत्रमा जडिबुटि संरक्षण (सबै जिल्ला तथा छनौट भएका पालिकाहरु) | १ | ४ | समिति मार्फत | दुइपक्षिय | २०८२।१२।३० | २०८३।०१।३० | - | - | - | २०८३।०२।१५ | २०८३।०३।१५ | |
| ३ | कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम (सामुदायिक तथा कबुलियती वनमा फलफूल तथा वहुउपयोगि विरुवा रोपण तथा संरक्षण) | १ | ८ | कोटेशन | दुइपक्षिय | २०८२।१२।३० | २०८३।०१।३० | - | - | - | २०८३।०२।१५ | २०८३।०३।१५ | |

# खरिद योजना

## कार्यक्रमको नामः-राष्ट्रिय वन बिकास कार्यक्रम संघिय शसर्त

| क. स. | खरिदको विवरण/सरसामान/निर्माण कार्य/परामर्श सेवा/अन्य सेवा | प्याकेज संख्या | लागत अनुमान लाखमा | खरिद बिधि | सम्झौता बिधि | सम्भाव्यता अध्ययन तथा डिजाइन मिति | लागत अनुमान स्विकृत मिति | बोलपत्र कागजात तयार गर्ने मिति | सुचना गर्न मिति | दाखिला तथा खोल्ने मिति | सम्झौता मिति | कार्य सम्पन्न मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बन्यजन्तुका लागि पानी स्रोत व्यवस्थापन | १ | ६ | कोटेशन बिधि | दुइपक्षिय | २०८२।०९।३० | २०८२।१०।३० | - | - | - | २०८२।११।१५ | २०८३।०२।३० | |
| २ | सामुदायिक वनको कार्ययोजना नवीकरण | १ | ५ | अमानत | कार्यादेश | २०८२।०९।३० | २०८२।१०।३० | - | - | - | २०८२।११।१५ | २०८३।०२।३० | |

नारायणदत्त भट्टराई

## ७.खरिद इकाइको निर्णय

आज मिति २०८२।०५।१८ गते खरिद इकइका संयोजक वरिष्ठ वन अधिकृत श्री सन्त बहादुर थिडको संयोजकत्वमा बैठक बसि निम्न निर्णय गरियो।

**तपसिल**

१. श्री सन्त बहादुर थिङ्ग, वरिष्ठ वन अधिकृत, संयोजक

२. श्री केशर खड्का,वन अधिकृत,सदश्य

३. श्री राधा न्यौपाने,अधिकृत,सदश्य

**निर्णय**

१.आर्थिक वर्ष २०८२।०८३ को विनियोजित बजेट तथा कार्यक्रमको कार्यान्वयनका लागि कार्यालयको वार्षिक खरिद योजना तयार गरि छलफल गरियो ।उक्त तयार भएको खरिद योजना स्विकृत गरि स्विकृत खरिद योजना अनुसार कार्यक्रम कार्यानवयन गर्न कार्यालयमा पेश गर्ने निर्णय गरियो ।



CamScanner